जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक १९ २०८३ साल साउन २२ गते शुक्रबार (7 Aug 2026 Friday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**


- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : उपभोक्ता संरक्षण ऐन... ३ पृष्ठमा : जनज्योति कृषि सहकारी संस्था ... ३ पृष्ठमा नयाँदिल्लीमा मिडियासँग शेख...

## ‘न्यायको लागि गुहार्दै तेतरी’

# ब्याज सहित रकम तिरी सक्दा पनि धितो वापत राखिएको जग्गा बिक्री गरिएको गुनासो


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय
अनुचित लेनदेन( मिटरब्याज) शाखा

सप्तरी, राजविराज नेपाल।
पत्र संख्या :- २०८०/०८१ चलानी नं. : मिति २०८१।०२।१८ गते।

बिषय :- मानिस उपस्थित गराई दिने सम्बन्धमा।


श्री वडा प्रहरी कार्यालय ,सप्तरी।

उपरोक्त सम्बन्धमा तपसिल बमोजजिमका व्यक्तिहरुसँग केहि कुरा बुझ्नुपर्ने भएकोले निजहरुलाई मिति २०८१।०२।२६ गते अनिवार्य यस कार्यलयमा उपस्थित गराउनु हुन आदेशानुसार अनुरोध छ।

तपशिल:-

१.जिल्ला सप्तरी राजविराज न.पा/गा.पा. वडा नं. ०७ बस्ने माधव प्रसाद साहको छोरा/पत्नि सावित्री देवी साह




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

प.स.:- २०८२/०८३
च.नं.:

मिति : २०८२/

विषय :- उपस्थित गराउने सम्बन्धमा।

श्री जिल्ला प्रहरी कार्यालय,
राजविराज, सप्तरी।

उपरोक्त विषयमा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी निवेदनको सम्बन्धमा आवश्यक छलफल गर्नु पर्ने हुँदा दर्ता नं.......मा उल्लेख भएका निम्न ब्यक्तिलाई मिति.........गते अनिर्वाय प्रहरी कर्मचारी सहित उपस्थित गराई दिनु हुन आदेशानुसार अनुरोध छ।

तपसिल

जिल्ला सप्तरी.........न.पा/गा.पा वडा नं. .........बस्ने .........श्रीमान्/श्रीमति/छोरा.........

सम्पर्क नं.

**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरीको खडक नगरपालिका ९ कल्याणपुरकी ६२ वर्षिया तेतरी दुई बर्ष देखि न्यायको खोजीमा छिन् ।

राजविराज-७ का साहुकार माधव प्रसाद साहको ऋणको फन्दामा सर्वस्व गुमाउन लागेको भन्दै न्यायको खोजी गर्दै हिडेकी हुन् । पटक-पटक जिल्ला प्रशासन कार्यालय सप्तरी, जिल्ला प्रहरी तथा वडा प्रहरी कार्यालय धाइरहेकी उनी भन्छिन् “मिटरब्याजीको फन्दा परेर पीडित भएपछि दुई बर्ष देखि न्यायका लागी प्रहरी प्रशासनलाई गुहार्दै छु तर न्याय पाउन सकेको छैन् ।”

बिहीबार राजविराजमा सञ्चारकर्मीहरु माझ आफ्नो पीडा पोख्दै खातुनले १० बर्ष अघि साहबाट आफुले लिएको ऋणको झण्डै दोब्बर रकम बुझाई सक्दा पनि ऋण लिदा गरिएको कागज फिर्ता नगरिएको र बस्दै आएको एउटा घर पनि साहले आफुलाई थाहै नदिई अर्कैलाई विक्री गरिसकेको बताईन् ।

उनले दाजु गम्भीर विरामी पर्दा साहुबाट १० वर्ष अघि दुईलाख रुपैया ऋण लिएको र सो बापत आफुलले आफ्नो डेढ का भवन सहितको जग्गा धितो राखेको भन्दै आफुले लिएको भन्दा झण्डै दोब्बर रकम बुझाई सक्दा पनि जग्गाको कागज फिर्ता नदिएको र जग्गा पनि अर्कै ब्यक्तीलाई विक्री गरिसकेको मालपोत कार्यालयबाट थाहा जानकारी गराईन् ।

यस अघि ३ लाख ५० हजार रुपैया बुझाई सकेको र कागज फिर्ता लिन जाँदा साह पारिवारले विभिन्न बहानामा आलटाल गर्दै आएको उनले सुनाईन । “समस्या परेका बेला विश्वासमा परी साहुकार साह र उनका श्रीमती सावित्रीले भने जस्तै कागजहरुमा सही छाप गरि दिएँ अहिले आएर घर न घाटको भएकी छु” उनले भनिन ।

उनले न्यायका लागी जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुचित लेनदेन (मिटर व्याज) शाखामा २०८१ साल बैशाख २६, जेठ १८, जेठ २९, साउन २९ र २०८२ बैखाख २८ गते गरी पाँच पटक निवेदन दिई सकेको र जिल्ला प्रहरी कार्यालयले वडा प्रहरी कार्यालयलाई मानिस सहित उपस्थित गराई दिने भनी पत्राचार बाहेक अन्य केही गर्न नसकेको गुनासो पोखेकी छिन् ।

यस्तै उनले जिल्ला प्रशासन कार्यालय सप्तरीको मिटरव्याज नियन्त्रण इकाइ शाखामा समेत २०८२ बैशाख २८, पौष ६, ११, २१, २८ र चैत्र १७ गते गरी ६ पटक निवेदन सहित सम्पर्क गर्दा त्याहाँबाट पनि जिल्ला प्रहरी कार्यालयलाई “मानिस उपस्थित गराई दिने” भनी पत्राचार बाहेक अन्य केही कार्य अघि बढन नसकेको उनले दुखेसो पोखेकी छिन ।

“जिल्ला प्रशासन कार्यालयले. जिल्ला प्रहरी कार्यालयलाई र जिल्ला प्रहरी कार्यालयले. वडा प्रहरी कार्यालयलाई पत्राचार गर्ने बाहेक अहिले सम्म केही भएको छैन, उनले भनिन- अब न्याय खोज्न कहाँ जाने ?”

उनले धितो बापत झुक्याएर मालपोत कार्यालयमा लिखत पास

*बाँकी अन्तिम पृष्ठमा*

# तीन लाखभन्दा बढी मूल्यका मोबाइलका सामानसहित मोटरसाइकल नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**

सप्तरी प्रहरीले भन्सार छली गरी भारतबाट नेपालतर्फ ल्याइँदै गरेका तीन लाख १२ हजार तीनसय रुपैयाँ बराबरका विभिन्न मोबाइलका सामान तथा एउटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मङ्गलबार राति करिब बजे इलाका प्रहरी कार्यालय बोदेबर्साइनबाट खटिएको गस्ती टोलीले बोदेबर्साइन नगरपालिका-५ स्थित शिवा चोक सडकखण्डमा शङ्कास्पद अवस्थामा नम्बर प्लेट नभएको रातो रङको १६० सीसी क्षमताको हिरो एक्स्ट्रिम मोटरसाइकल जाँच गर्ने क्रममा उक्त सामान बरामद गरेको हो ।

प्रहरीलाई देखनासाथ मोटरसाइकलमा रहेका व्यक्तिहरु मोटरसाइकल र बोराहरु घटनास्थलमै छाडेर फरार भएका थिए । त्यसपछि प्रहरीले बेवारिसे अवस्थामा रहेका बोराहरु खोली जाँच गर्दा विभिन्न मोबाइलका सामान फेला परेको थियो । बरामद गरिएको मोबाइलका सामान र मोटरसाइकल आवश्यक कारबाहीका लागि बिहीबार राजविराज भन्सार

*बाँकी अन्तिम पृष्ठमा*

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# परीक्षणमै सीमित रात्रीकालीन उडान

राजविराज विमानस्थलबाट रात्रीकालीन उडान सेवा सुरु गर्ने घोषणा भएको करिब डेढ वर्ष बितिसक्दा पनि सेवा परीक्षणमै सीमित रहनु दुर्भाग्यपूर्ण छ । आवश्यक धावनमार्ग बत्ती, उपकरण तथा प्राविधिक पूर्वाधार पूरा भइसकेको अवस्थामा पनि नियमित रुपमा रात्रीकालीन उडान सञ्चालन हुन नसक्नु सरकारी प्रतिबद्धता र कार्यान्वयनबीचको दूरीको स्पष्ट संकेत हो।

यात्रु संख्या अपेक्षा अनुसार नबढेको कारण देखाइए पनि नियमित र भरपर्दो सेवा उपलब्ध गराएपछि मात्र यात्रुको विश्वास र प्रयोग बढ्ने यथार्थलाई बेवास्ता गर्न मिल्दैन। राजविराज विमानस्थल सप्तरीका साथै सिरहा, उदयपुर, सुनसरी तथा सीमावर्ती भारतीय क्षेत्रका नागरिकका लागि समेत महत्वपूर्ण हवाई प्रवेशद्वार हो ।

दैनिक एउटा मात्र उडान हुँदा यात्रुले समय व्यवस्थापन, व्यवसाय, उपचार, शिक्षा तथा प्रशासनिक काममा अनावश्यक कठिनाइ भोगिरहेका छन्। साँझको उडान सञ्चालन भए काठमाडौं आवतजावत थप सहज, छिटो र प्रभावकारी बन्नेछ । राज्यले पूर्वाधारमा गरेको लगानीको औचित्य नागरिकले गुणस्तरीय सेवा पाएपछि मात्र पुष्टि हुन्छ। त्यसैले सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण र सेवा प्रदायक कम्पनीबीच प्रभावकारी समन्वय गरी रात्रीकालीन उडान तत्काल नियमित सञ्चालनमा ल्याइनुपर्छ। यसले जनअपेक्षाको सम्मान गर्नुका साथै प्रदेशको आर्थिक गतिविधि, पर्यटन प्रवर्द्धन, लगानी विस्तार र समग्र क्षेत्रीय विकासलाई नयाँ गति दिने विश्वास गर्न सकिन्छ। अब थप ढिलाइ होइन, कार्यान्वयनको परिणाम देखिने समय आएको छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# उपभोक्ता संरक्षण ऐन र चिकित्सा क्षेत्रमा देखिएको चुनौती

**डा विश्वराज दवाडी**

काठमाडौं, २१ साउन (रासस) । नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकारलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ ।

संविधानले स्वास्थ्यलाई राज्यको एक अभिन्न दायित्व र अत्यावश्यक मानवीय सेवाका रूपमा स्वीकार गरेको छ तर पछिल्लो समय उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत स्वास्थ्य सेवा र चिकित्सकहरूलाई पनि व्यापारिक वस्तु वा सामान बिक्री गर्ने विक्रेता सरह राखी उपभोक्ता अदालतको दायरामा ल्याइएको छ । यसले गर्दा नेपालको सम्पूर्ण स्वास्थ्य प्रणालीमा गम्भीर र नकारात्मक असरहरू देखिन थालेका छन् ।

**उपभोक्ता अदालतको बढ्दो हस्तक्षेप**

हालै उपभोक्ता अदालतले एभरेस्ट अस्पताल र एक स्त्री तथा प्रसूति रोग विशेषज्ञलाई रु ३९ लाख क्षतिपूर्ति तिराउने फैसला गरेको छ । फैसलामा अस्पताललाई ३० लाख र डाक्टरलाई रु नौ लाख जरिवाना तोकिएको छ । प्रसूतिको क्रममा ‘प्रि-एक्लेम्पसिया’ (उच्च रक्तचाप) को जटिलतामा औषधि व्यवस्थापन तथा मेडिकल प्रोटोकल पालना नभएको ठहर गर्दै अदालतले उक्त आदेश दिएको हो ।

यसअघि पनि उपभोक्ता अदालतले हिमाल हस्पिटल र चिकित्सकलाई रु एक करोड ४५ लाख र ओम हस्पिटललाई रु ५६ लाखभन्दा बढी क्षतिपूर्ति तिराउने फैसला गरिसकेको छ । एक ९८ वर्षीय बिरामीको प्राथमिक उपचार र डिस्चार्जका क्रममा लापर्वाही भएको भन्दै अदालतले ओम हस्पिटललाई ८० प्रतिशत (रु ५० लाख ७० हजार) र उपचारमा संलग्न दुई डाक्टरलाई १०/१० प्रतिशत ( प्रतिडाक्टर रु तीन लाख पाँच हजारका दरले) क्षतिपूर्ति तिराउने निर्णय गर्‍यो ।

कुनै पनि बिरामीको ज्यान जानु अत्यन्तै दुःखद् विषय हो र पीडितले न्याय पाउनैपर्छ तर मेडिकल विज्ञानको जटिलता, आकस्मिक अवस्था र बिरामीको शारीरिक प्रतिक्रियालाई गैर-मेडिकल प्रशासनिक न्यायाधीशहरूले व्यापारिक ऐनको कसीबाट मूल्याङ्कन गर्दा समग्र चिकित्सा क्षेत्रमा त्रासको वातावरण सिर्जना भएको छ ।

**स्वास्थ्य सेवा व्यापार होइन**

व्यापारिक क्षेत्रमा ‘ग्राहक’ र ‘विक्रेता’ बीचको सम्बन्ध नाफा-घाटा र वस्तुको खरीद-बिक्रीमा आधारित हुन्छ । यदि तपाईंले बजारबाट कुनै सामान वा टिभी किन्नुभयो र त्यो बिग्रियो भने त्यसलाई फेर्न वा क्षतिपूर्ति माग्न सकिन्छ, किनकि त्यो निर्जीव वस्तु हो । तर चिकित्सक र बिरामीको सम्बन्ध नाफाको व्यापार होइन । यो आस्था, मानवीय संवेदनशीलता र नैतिक उत्तरदायित्वमा टिकेको हुन्छ । कुनै पनि चिकित्सकले बिरामीलाई जानीजानी हानि पुर्‍याउने नियत राख्दैन ।

मानव शरीर कुनै कलकारखानामा बनेको मेसिन होइन, जहाँ एउटै नियम वा औषधि सबैलाई समान रूपमा लागू होस् । प्रत्येक व्यक्तिको शारीरिक बनावट, रोग प्रतिरोधात्मक क्षमता र तत्कालीन अवस्था फरक-फरक हुन्छ । त्यसैले स्वास्थ्योपचारलाई अन्य व्यापारिक सेवासँग तुलना गरेर ‘उपभोक्ता ऐन’ को घेरामा राख्नु कानुनी र व्यावहारिक दुवै दृष्टिले गलत छ ।

**उपभोक्ता ऐनको त्रास**

जब स्वास्थ्य सेवालाई उपभोक्ता ऐनमा राखियो र डाक्टरहरू माथि करोडौं रुपैयाँ क्षतिपूर्तिको मुद्दा पर्न थाल्यो, त्यसको प्रत्यक्ष दुष्परिणाम बिरामीहरूले नै भोग्नुपरिरहेको छ । डाक्टरहरूमा कानुनी झमेला र करोडौँ क्षतिपूर्तिको त्रास सिर्जना भएकाले नेपालमा ‘डिफेन्सिभ मेडिसिन’ को विभिन्न खालका विकृतिहरू भित्रिएका छन् । जटिल वा गम्भीर अवस्थाका बिरामी अस्पताल आउँदा कानूनी झमेला र उपभोक्ता अदालतको डरले डाक्टरहरूले जोखिम मोलेर उपचार गर्नुको सट्टा अन्यत्र रिफर’ गर्ने वा हात हाल्न नमान्ने प्रवृत्ति बढेको छ । यसले गर्दा आपत्कालीन अवस्थाका धेरै बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको छ ।

त्यति मात्र होइन, अनावश्यक परीक्षण र महँगो उपचारको अवस्था पनि सिर्जना भएको छ । कानुनी बचाउका लागि डाक्टरहरूले सानो शङ्का लाग्दा पनि बिरामीलाई धेरै किसिमका महँगा सिटी स्क्यान, एमआरआई र अनावश्यक प्रयोगशाला परीक्षणहरू गराउन बाध्य हुनु परेको छ । यसको प्रत्यक्ष आर्थिक भार अन्ततः गरिब तथा विपन्न बिरामीकै खल्तीमा परेको छ ।

**अन्तरराष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ**

दक्षिण एसियाली तथा पश्चिमी देशहरूको अनुभवले पनि स्वास्थ्यलाई उपभोक्ता ऐनमा राख्दा उल्टै सर्वसाधारणलाई नोक्सान पुगेको देखाउँछ । भारतमा सन् १९९५ पछि स्वास्थ्य सेवालाई उपभोक्ता ऐनभित्र समावेश गरियो । त्यसपछि अदालतमा लाखौं मुद्दाहरू थुप्रिए, डाक्टरहरूले बचाउत्मक उपचार गर्न थाले र भारतमा उपचार खर्च तीव्र रूपमा महँगियो ।

अमेरिका र पश्चिमी देशहरूमा पनि भएका अभ्यासहरूबाट पनि धेरै कुराहरू सिक्नुपर्ने हुन्छ । अमेरिकामा ‘मेडिकल मालप्राक्टिस’ सम्बन्धी कडा कानुन र अर्बौं डलर क्षतिपूर्ति तोक्ने प्रणाली छ । यसले गर्दा डाक्टरहरूले तिर्नुपर्ने बीमा को प्रिमियम अत्यधिक महँगो छ, जसले गर्दा अमेरिकामा उपचार विश्वकै सबैभन्दा महँगो बनेको छ । नेपालजस्तो विकासोन्मुख देशले यस्तो महँगो प्रणाली धान्न सक्दैन ।

**वास्तविक समाधान के हो त ?**

स्वास्थ्य सेवालाई उपभोक्ता ऐनबाट हटाउनुको अर्थ डाक्टरहरूलाई मनपरी गर्न दिनु वा उन्मुक्ति दिनु पटक्कै होइन । यदि कुनै डाक्टरले गम्भीर लापर्वाही गर्छ भने उसलाई कारबाही हुनैपर्छ र पीडित बिरामीले न्याय पाउनैपर्छ तर त्यसका लागि व्यापारिक अदालत होइन, विशेषज्ञ निकाय हुनुपर्छ । यसका लागि नेपाल मेडिकल काउन्सिलभित्र ‘मेडिको-लिगल ट्रिब्युनल’ गठन गर्न सकिन्छ । काउन्सिलभित्र पूर्व न्यायाधीशको अध्यक्षतामा विषयगत विशेषज्ञ डाक्टरहरू, उपभोक्ता अधिकारकर्मी र बायोएथिस्टहरू रहेको छुट्टै न्यायपीठ बनाइनुपर्छ । यसले उपचारमा ‘प्रक्रियागत त्रुटि’ वा ‘बदनियत’ थियो कि थिएन भन्ने वैज्ञानिक छानबिन गर्छ ।

त्यस्तै डाक्टर र अस्पतालहरूका लागि अनिवार्य पेसागत बिमाको व्यवस्था गरिनुपर्छ । यदि ट्रिब्युनलले उपचारमा त्रुटि भएको ठहर गरेमा क्षतिपूर्तिको रकम डाक्टरको व्यक्तिगत सम्पत्ति वा खल्तीबाट नभई बीमा कम्पनीको कोष बाट पीडित बिरामीलाई तत्काल उपलब्ध गराइन्छ । स्वास्थ्य सेवा कुनै व्यापारिक कारोबार होइन; यो नागरिकको जीवनसँग जोडिएको संवेदनशीलता हो । यदि हामीले स्वास्थ्य सेवालाई व्यापार र बिरामीलाई केवल ‘ग्राहक’ का रूपमा हेरिरह्यौँ भने डाक्टरहरू बचाउत्मक मोडमा जानेछन्, उपचार प्रक्रिया झन् महँगो र झन्झटिल हुनेछ, र जटिल बिरामीहरूले समयमा उपचार नपाई अकालमै ज्यान गुमाउनु पर्नेछ ।

त्यसैले आम नागरिकको हित, डाक्टरहरूको सुरक्षा र देशको स्वास्थ्य प्रणालीलाई जोगाउनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ध) संशोधन गरी स्वास्थ्य सेवालाई यो ऐनबाट पूर्ण रूपमा अलग गरिनुपर्छ । स्वास्थ्य क्षेत्रलाई बचाउनु भनेको अन्ततः आम नागरिककै जीवन र स्वास्थ्यको रक्षा गर्नु हो । ***(लेखक नेपाल मेडिकल एसोसिएसनका महासचिव हुनुहुन्छ)***

# धनुषामा गत आवमा ५७ किमी सडक ढलान

जनकपुरधाम, २१ साउन (रासस) । पूर्वाधार विकास कार्यालय जनकपुरधामले गत आवमा आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधारतर्फ प्रगति हासिल गरेको जनाएको छ ।

कार्यालयका अनुसार उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा ५७ किलोमिटर सडक ढलान तथा २२ कल्भर्ट निर्माण सम्पन्न गरिएको छ । त्यसैगरी २२ दशमलव पाँच किलोमिटर सडकमा ग्राभेल र एक किमी सडक कालोपत्र गरिएको कार्यालय प्रमुख सञ्जीवकुमार साहले जानकारी दिनुभयो । उहाँका अनुसार सोही अवधिमा सात किलोमिटर सडक मर्मत(सम्भारको काम पनि सम्पन्न भएको छ ।

निरन्तरको पहल र प्रयासपछि आर्थिक वर्ष २०८२/८३ मा जनकपुरधाममा बिपी स्मृति सभाहल तथा सबैलामा योगनारायण स्मृति सभाहल निर्माण सम्पन्न भएको उहाँले बताउनुभयो ।

उक्त अवधिमा धनुषाका विभिन्न स्थानमा २२सामुदायिक भवन र दुई वटा सभाहल निर्माण सम्पन्न गरिएको पनि उहाँले जानकारी दिनुभयो ।

मधेस प्रदेश सरकारद्वारा धनुषामा सञ्चालित ३२ वटा बहुवर्षीय योजनामध्ये अधिकांश योजनाको काम अन्तिम चरणमा पुगेको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख साहका अनुसार बहुवर्षीय योजनाअन्तर्गत सञ्चालित ‘एक निर्वाचन क्षेत्र सडक कार्यक्रम’ पनि अन्तिम चरणमा पुगेको छ ।

उक्त कार्यक्रमअन्तर्गत सबै निर्वाचन क्षेत्रमा पाँच-पाँच किलोमिटर सडक निर्माण तथा कालोपत्र गरिने योजना रहेको छ ।

यसैबीच, बहुवर्षीय योजनाअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका-१ स्थित जलाद खोलामा पुल निर्माण तथा धनुषाको भिमानदेखि महनगाछी-किसनपुरसम्म सडक कालोपत्रको काम सम्पन्न भइसकेको प्रमुख साहले बताउनुभयो ।

जनता आवास कार्यक्रमअन्तर्गत धनुषा र महोत्तरीमा सञ्चालित आवास कार्यक्रमअन्तर्गत ७९६ आवासमध्ये ६३८ आवास निर्माण सम्पन्न भइसकेको छ । बाँकी आवास सम्बन्धित अदालतमा मुद्दा विचाराधीन रहेकाले रोकिएको प्रमुख साहले बताउनुभयो ।

यस्तै धनुषामा महेन्द्र नारायण निधि विपन्न आवास योजनाअन्तर्गत धनुषामा १०५ आवासमध्ये ७१ वटा आवास भवनको निर्माण कार्य सम्पन्न भइसकेको छ । बाँकी ३४ वटा भवन निर्माणाधीन अवस्थामा रहेको प्रमुख साहको भनाइ छ । विपन्नसँग मदन भण्डारी विपन्न आवास योजनाअन्तर्गत धनुषामा ५५ आवास भवनमध्ये २९ वटाको निर्माण कार्य सम्पन्न भएको र बाँकी निर्माण कार्य भइरहेको प्रमुख साहले बताउनुभयो ।

# जनज्योति कृषि सहकारी संस्था लि.

## राजबिराज ९, मलेठ सप्तरी

### घरजग्गा लिलामीको ३५ दिने सार्वजनिक सुचना

मिति :२०८३।०४।२२

यस सहकारी संस्था लि.को तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक/पटक मौखिक, लिखित तरताकेता गर्दा समेत कर्जा नतिरेको हुँदा क्रमश: मिति २०८३/०२/०६ गते, २०८२/०५/२२ गते र २०८२/०५/१२ गतेको राजविराज दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जाको वक्यौता साँवा र सोमा लागेको ब्याज, हर्जना लगायत अन्य दैदस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै ध्यान नदिएकोले धितो सुरक्षण स्वरुप लेखिलेखाई दिएको तपसिलमा उल्लेखित धितो वापतको सुरक्षण सम्पत्ती लिलाम बिक्री गरी यस सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गर्नको लागि सहकारी ऐन, २०७४ को दफा ७९, ८३, सहकारी नियमावली २०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो लिलाम बिक्री गर्न ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: तोकिएको ३५ (पैतिस) दिने म्याद पश्चात् निम्न मिति, समय र स्थानमा लिलाम बिक्रीको कार्य हुने भएकोले सो धितो सुरक्षणमा रहेको सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्तिहरुले सोही दिन उपस्थित हुनु भई डाँक बढाबढ कार्यमा सहभागी भई दिनु हुन सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा सहकारी ऐन, २०७४ बमोजिम संस्था आफैंले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविक संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजुर वाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस सहकारीको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र सम्बन्धित ऋणीको नाम नामेशी सहकारी ऐन बमोजिम कालो सूचीमा समेत प्रकाशित गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको बिवरण | ऋणीको फोटो | धितो बिवरण |
|---|---|---|---|
| १ | नाम : शान्ती देवी चौधरी<br>पती : रामजी चौधरी<br>ससुरा : चरु चौधरी<br>ना.प्र.नं.२१०७<br>जारी मिति: २०५५।१२।२७<br>ठेगाना: खडक न.पा. ५ |  | सिरहा जिल्ला मालपोत कार्यालय लहानमा शान्ति देवी चौधरीको नाममा दर्ता कायम रहेको कि.न.२५६२ सिंग्राही मटिअर्वा ४ख क्षेत्रफल ०-०-६.५-० |
| २ | नाम :शम्भू प्रसाद यादव<br>बुवा : नसिब लाल यादव<br>बाजे : बृज लाल यादव<br>ना.प्र.नं :५९२७४३७५<br>जारी मिति:२०४९।१२।०२<br>ठेगाना: राजबिराज ९ बिहारपुर |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजबिराजमा गुलाब देवी यादबनीको नाममा दर्ता कायम रहेको कि.न.५९३ मलेठ ७ख क्षेत्रफल ०-६-८-० |
| ३ | नाम : पवन कुमार कर्ण<br>बाबु : राज नारायण कर्ण<br>बाजे : उत्तिम लाल कर्ण<br>ना.प्र.नं : ८०४४३१२१<br>जारी मिति : २०४४।१०।२२<br>ठेगाना : शम्भूनाथ न.पा. १ सप्तरी |  | सप्तरी जिल्ला मालपोत कार्यालय राजबिराजमा पवन कुमार कर्णको नाममा दर्ता कायम रहेको कि.न. १०३३ भंगहा छ क्षेत्रफल ०-०-१० कित्ता नं.६८८ मलहनिया छ क क्षेत्रफल ०-४-७५ कि.न. १०३ कुशहा ३क क्षेत्रफल ०-१-१८ कि.नं. २७ कुशहा ४ क्षेत्रफल ०-०-१३.५ |
| ४ | नम : आवा देवी चौधरी<br>पती : देब कुमार चौधरी<br>ससुरा : रामनाथ चौधरी<br>न.प्र.नं : १६३०६१।७१०<br>जरी मिती : २०६३।११।२२<br>ठेगाना : रुजनी गा.पा. १ |  | सप्ततरी जिल्ला मालपोत कार्यालय राजबिराजमा आवा देवी चौधरी को नाममा दर्ता कायम रहेको कि.न.७६० खोकसर प्रवाहा ३क<br>क्षेत्रफल ०-०-५-० |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**

१) बोल पत्र फारम यस संस्थाको कार्यालयबाट रु ५०० (अक्षरेपी पाँच सय रुपैया मात्र) तिरि फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

२) बोल पत्र फारममा आफुले वोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पतिको बिवरण यस संस्थाबाट प्रकाशित सुचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पतिको स्पष्ट विवरण उल्लेख गरी सोको मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ ।

३) बोलपत्रमा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक राजविराज स्थित यस संस्थाको खाता न. ०३४-१००७६३३०००१० मा जम्मा गरेको सक्कल भौचर बोलपत्रको साथ पेश गर्नुपर्ने छ ।

४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिणममा स्वीकार गरी लिनु पर्ने छ ।

५) बोलपत्र स्वीकृत भएको सुचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफनो नाउमा नामसारी गरी लिनु पर्नेछ ।सो म्याद भित्र बाकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिस्टेशन गर्ने कार्यालयमा लाग्ने सरकारी दस्तुर घर । जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।

६) बोलपत्र दाखिला भै सकेपछि वोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यता धरौटी रकम फिर्ता दिने छैन ।

७) रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुने छ ।

८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।

९) बोल पत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोल पत्रहरु रध्य गरी धरौटी फिर्ता दिन सक्ने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाइने छैन ।

१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र वोल पत्र पेश गर्न सकिने छ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सुचना प्रकाशित मिति ले ३६ औं दिनको ३ बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्ममा ऋणी वा धितोबालाले संस्थाको ऋण चुक्ता गरी धितो फुकुवा लै जान सकिने छ ।

११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोलिने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

१२) बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**लिलाम हुने मिति :-** २०८३/०५/२६ गते शुक्रबार
**स्थान :-** जनज्योती कृषि सहकारी संस्था लि. राजविराज-९, मलेठ
**समय :-** दिउँसो ३ बजे

# विश्व समाचार

## नयाँदिल्लीमा मिडियासँग शेख हसिनाको प्रत्यक्ष कुराकानी, बङ्गलादेशले आक्रोशित

ढाका, २१ साउन (रासस/एएनआई) ।

बङ्गलादेशले बङ्गलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको बुधवार नयाँदिल्लीमा मिडियासँग प्रत्यक्ष कुराकानी गरेको विषयमा आक्रोश व्यक्त गरेको छ । हसिनालाई बङ्गलादेशको राष्ट्रियता र यहाँका जनता विरुद्ध सामूहिक अपराध गरेको आरोप लगाइएको छ ।

बुधवार जारी गरिएको एक प्रेस वक्तव्यमा बङ्गलादेशको विदेश मन्त्रालयले फरार दोषी नरसंहारकर्ता शेख हसिनालाई नयाँदिल्लीमा मिडियासँग प्रत्यक्ष कुराकानी गर्ने अनुमति दिइएकोमा बङ्गलादेश आक्रोशित भएको जनाएको छ ।

विज्ञप्तिमा बङ्गलादेशले द्विपक्षीय सम्बन्धमा यस घटनाको सम्भावित प्रभावहरूको बारेमा विचार नगरी भारत सरकारले हसिनालाई सार्वजनिक कार्यक्रममा बोल्ने अवसरसहित सार्वजनिक कार्यक्रम आयोजना गर्न अनुमति दिइएकोमा गहिरो खेद व्यक्त गरिएको छ ।

विदेश मन्त्रालयले बङ्गलादेशका जनताले जुलाई क्रान्तिको दोस्रो वार्षिकोत्सव मनाउँदै गर्दा भारतीय भूमिमा शेख हसिनाको यो अन्तरक्रिया बङ्गलादेशको सार्वभौमसत्ताको अपमान र जुलाई क्रान्तिका शहीदहरूको घोर अपमान भएको पनि बताएको छ ।

हसिनाको शासनद्वारा सन् २०२४ को जुलाई(अगस्टमा नाबालिकाहरूसहित निर्दोष नागरिकहरूको विभत्स हत्यासहित संयुक्त राष्ट्रसङ्घद्वारा स्थापित तथ्यहरूको अस्वीकार, फरार दोषी सामूहिक हत्याराको आपराधिक समूहको ताजगीकरणले इतिहासलाई उल्टाउने प्रयासलाई कमजोर बनाउने बताएको छ । बङ्गलादेशका जनताले विगतमा यस्ता घृणित प्रयासहरूलाई अस्वीकार गरिसकेको र अहिले पनि गरिरहेको मन्त्रालयले जनाएको छ ।

जुलाई क्रान्तिको आदर्शलाई पुष्टि गर्दै मन्त्रालयले बङ्गलादेशका जनताले आफ्नो राष्ट्र फेरि कहिल्यै फासीवादको कालो दिनमा नफर्कने दृढ सङ्कल्प गरेको बताएको छ । मन्त्रालयले दोषी ठहर हुनुभएकी 'सामूहिक हत्यारा' हसिना र उहाँको सहयोगी समूहलाई बङ्गलादेशको राजनीतिमा कहिल्यै स्थान नहुने जनाएको छ ।

विज्ञप्तिमा बङ्गलादेश भारतसँग सार्वभौम समानता, आपसी सम्मान, एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र राष्ट्रिय मर्यादाको आधारमा रचनात्मक, पारस्परिक रूपमा फाइदाजनक र अग्रगामी सम्बन्ध कायम राख्न चाहेको उल्लेख गरिएको छ । यद्यपि सन् २०१३ मा बङ्गलादेश र भारतबीच हस्ताक्षर भएको प्रत्यर्पण सन्धिअन्तर्गत दोषी अपराधी हसिनालाई बङ्गलादेश फिर्ता गर्न बङ्गलादेशले भारत सरकारलाई बारम्बार अनुरोध गरे पनि अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन ।

सन्धिको विपरीत, हसिनालाई मिडियासँग खुलेर कुराकानी गर्ने अवसर दिनु बङ्गलादेश र भारतबीचको सौहार्दपूर्ण द्विपक्षीय सम्बन्धको विकासका लागि हानिकारक भएको विज्ञप्तिमा भनिएको छ ।

यसअघि अपदस्थ बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले डिसेम्बरमा आफ्नो मातृभूमि फर्कने निर्णयको घोषणा गर्दै आफू गिरफ्तारी, जेल वा आफ्नो जीवनलाई धम्की लगायत कुनै पनि परिणामको सामना गर्न तयार रहेको बताउनुभएको थियो ।

बङ्गलादेशबाट प्रस्थान गरेपछि नयाँदिल्लीबाट पहिलो पत्रकार सम्मेलनलाई भर्चुअल पमा सम्बोधन गर्दै अपदस्थ पूर्वप्रधानमन्त्री हसिनाले आफ्ना समर्थक र देशवासीहरूले कठिनाइको सामना गरिरहँदा विदेशमा बस्न नसक्ने कुरामा जोड दिनुभएको थियो । उहाँले भाग्यले आफूलाई पर्खिरहेको बताउँदै आफ्ना जनताबाट टाढा रहन नसक्ने र प्रिय देशवासीहरू माझ आगामी डिसेम्बरमा फर्किने उद्घोष गर्नुभएको छ ।

## अमेरिकासँग ठूलो मात्रामा हतियार रहेको ट्रम्पको खुलासा

वासिङ्टन, २१ साउन (रासस/सिन्ह्वा) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकासँग ठूलो मात्रामा विशेष प्रकारका हतियारहरू रहेको बताउनुभएको छ ।

ट्रम्पको यो टिप्पणी इरान विरुद्ध सघन सैन्य अभियानपछि अमेरिकी हतियारको कमी भएको बारेमा सिएनएनको रिपोर्टको एक दिनपछि आएको हो ।

सामाजिक सञ्जाल ट्रुथको एक पोस्टमा, ट्रम्पले रक्षा कम्पनीहरूले अमेरिकामा इतिहासकै सबैभन्दा धेरै सङ्ख्यामा प्लान्ट र कारखानाहरू निर्माण गरिरहेको र ठूलो मात्रामा हतियार उत्पादन गरी आवश्यकताअनुसार अमेरिकामा पठाइरहेको बताउनुभयो ।

सिएनएनले मङ्गलबार पछिल्लो अनुसन्धानात्मक रिपोर्टसँग परिचित दुई स्रोतहरूलाई उद्धृत गर्दै अमेरिकी सेनाले युद्धपूर्वको सङ्ख्याको तुलनामा यसको मिसाइल अनुसन्धानको लगभग २० प्रतिशत र इरान युद्धको सुरुआतदेखि यसको प्याट्रियट इन्टरसेप्टरहरूको लगभग आधा भाग जलाएको रिपोर्ट गरेको थियो ।

गत सप्ताहन्तमा इरान माथिनयाँ आक्रमणहरू रद्द गर्ने ट्रम्पको निर्णयअघि नै हतियार भण्डारणको मुद्दा फेरि उठेको पनि रिपोर्टले उल्लेख गरेको सिएनएनले जनाएको छ ।

अमेरिकी सेनाले पनि द्वन्द्वको समयमा आफ्नो अत्यधिक सटीक लामो दूरी, सतह(देखि(हावा हतियारहरूको लगभग सबै प्रयोग गरेको समाचार रिपोर्टले जनाएको छ ।

वासिङ्टन पोस्टको बुधबारको रिपोर्टअनुसार गत हप्ता प्रेसिडेन्सियल रिट्रिट क्याम्प डेभिडमा ट्रम्पले अमेरिकी रक्षामन्त्री पीट हेग्सेथमाथि आक्रोस व्यक्त गर्नुभएको थियो ।

ट्रम्पले हेग्सेथसँग इरानसँगको सैन्य विकल्पलाई सीमित पार्ने खतरामा परेको चरम हतियारको कमीमा आफूलाई किन बहकाएको थियो भन्ने प्रश्नको जवाफ मागेको अखबारले जनाएको छ । यी बयानहरू 'चुहावट गर्नेहरू' को खोजी भइरहेको र भेटिएपछि लामो अवधिको जेल सजाय गरिने ट्रम्पले सामाजिक सञ्जाल ट्रुथको पोस्टमार्फत चेतावनी दिनुभएको छ ।

# कर्तव्य ज्यान र बैंकिङ कसुरका फरार प्रतिवादी पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २१ साउन ।**
सप्तरी प्रहरीले छुट्टाछुट्टै दुई मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा कञ्चनरुप नगरपालिका-११ ठेलिया धामी टोल निवासी ४४ वर्षीय प्रथमलाल धामीलाई रहेका छन्। उनलाई कर्तव्य ज्यान मुद्दामा पक्राउ गरिएको हो।

प्रहरीका अनुसार साउन २ गते बिहान प्रथमलाल धामीको पोल्ट्री फार्ममा रहेको नाङ्गो विद्युत् तारमा करेन्ट लाग्दा कुखुरा हेर्न गएका दुई वर्षीय प्रतिक धामीको मृत्यु भएको थियो। मृतकका बुवा सन्तकुमार धामीको जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय कञ्चनपुरमा कर्तव्य ज्यान मुद्दा दर्ता भई अनुसन्धान भइरहेको थियो।

सप्तरी जिल्ला अदालतबाट साउन १९ गतेदेखि लागू हुने गरी पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरीले नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।

त्यसैगरी बैंकिङ कसुर मुद्दामा फरार रहेका राजविराज नगरपालिका-१० कदमाहा टोलका महेन्द्र सुतिहारलाई पनि प्रहरीले पक्राउ गरेको छ।

सुतिहारले जग्गा खरिदका लागि रकम लिएपछि फिर्ता नगरी आलटाल गर्दै आएका थिए। पछि उनले दिएको चेक बैंकमा प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको भन्दै भुक्तानी हुन नसकेपछि पीडित प्रमाणन्द शर्मासे वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएका थिए। त्यसयता फरार रहेका सुतिहारलाई राजविराज नगरपालिका-६ बाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक घिमिरेले बताए।

दुवै प्रतिवादीविरुद्ध जिल्ला अदालत सप्तरीबाट म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बिपी कोइराला क्यान्सर अस्पतालमा 'बोनम्यारो' प्रत्यारोपणको तयारी

**नारायण अधिकारी**
चितवन, २१ साउन रासस ।
बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले 'बोनम्यारो' प्रत्यारोपणका लागि आवश्यक भौतिक एवं चिकित्सकीय तयारी थालेको छ। चीन सरकारले भवन निर्माण, उपकरण खरिद र चिकित्सक, नर्सलाई तालिम दिने गरी यो परियोजना अघि बढाएको हो।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उमेश नेपालले अनुसार केही दिन अघि चिनियाँ टोली दुई साता यहाँ बसेर आवश्यक पूर्वाधारका विषयमा छलफल गरेको जानकारी दिनुभयो। टोलीले भरतपुर महानगरपालिका, सहरी विकास तथा भवन निर्माण आयोजना, नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका प्राविधिकसहित बसेर सुझाव समेत लिएको थियो।

उहाँका अनुसार यसका लागि नेपाल सरकारसँग पुनः सम्झौता आवश्यक काम अघि बढ्ने छ। अस्पतालको अन्तरङ्ग भवनको अगाडि तीन तलाको भवन बनाइने छ। कार्यकारी निर्देशक नेपालका अनुसार सन् २०२६ मा नै काम सुरु गर्ने तयारी चिनियाँ टोलीको तयारी छ।

चिनियाँ सरकारले यो परियोजना सम्पन्न गर्न करिब ३७ मिलियन चिनिया रकम खर्च गर्दै छ। नेपाली रुपैयाँ अनुसार यो करिब रु ८४ करोड हुन आउने उहाँले जानकारी दिनुभयो।

अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार सेवा सञ्चालनका लागि भवन निर्माण, उपकरण खरिद र जनशक्तिलाई तालिमसमेत चीन सरकारले व्यवस्थापन गर्ने छ। यसअघि नेपाल सरकार र चीनको चिनियाँ अन्तरराष्ट्रिय विकास सहयोग संस्था (चाइना इन्टरनेसनल डेभलेपमेन्ट को-अपरेसन एजेन्सी) का बीच सम्झौता भइसकेको छ।

बोनम्यारो युनिट पाँच शय्याको हुनेछ। उहाँका अनुसार सुरुमा पुरानो भवनमा युनिट सञ्चालन गर्ने तयारी गरिएको भए पनि यो सम्भव नहुने भएपछि नयाँ भवन बनाउन लागिएको हो। भवन बनाउने ठाउँको माटो परीक्षणलगायतका काम यसअघि नै सम्पन्न भइसकेका छन्।

बोनम्यारो युनिटमा काम गर्नका लागि हाल अस्पतालका तीन जना चिकित्सक र नर्स चीनमा तालिम लिइरहेका छन्। कार्यकारी निर्देशक डा पौडेलले भन्नुभयो "'बोनम्यारो' प्रत्यारोपणका लागि यसअघि नै तीन स्वास्थ्यकर्मी जनाले छ महिनाको र पाँच जनाले दुई हप्ताको तालिम लिएर फर्किएका छन्।" त्यहाँ काम गर्ने जनशक्तिलाई चीन सरकारको तर्फबाट थप आवश्यक तालिम दिइँदै छ। उनीहरूले निर्माण थालेको एक वर्ष छ महिनामा काम सम्पन्न गर्ने तयारी गरेको जनाएको छ।

यो स्तरको अत्याधुनिक बोनम्यारो प्रत्यारोपण युनिट नेपालमा पहिलो हुने कार्यकारी निर्देशक डा पौडेलको दावी छ। अहिले बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने बिरामी विदेश जान बाध्य छन्। यहाँ यो सेवा सुरु भएसँगै कम खर्चमा बिरामीहरूले उच्चस्तरको सेवा पाउने उहाँ बताउनुहुन्छ।

वि.सं. २०५१ मा चीन सरकारको सहयोगमा क्यान्सर अस्पताल निर्माण गरिएको थियो। त्यसयता यहाँ निरन्तर चिनियाँ चिकित्सकले समेत बिरामीको उपचार गरिरहेका छन्। यहाँ नेपाल सहित भारतका बिरामी समेत उपचार गर्न आउने गर्दछ।

# बाढीले बगाएर मृत्यु

जनकपुरधाम, २१ साउन (रासस)।
महोत्तरीको बर्दिबासस्थित गढन्ता खोलाको बाढीले बगाउँदा एक जनाको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाका अनुसार खोलाले बगाउँदा बर्दिबास नगरपालिका(५ निवासी ६२ वर्षीय टङ्कबहादुर बस्नेतको मृत्यु भएको हो।

खोला छेउको खेतमा पानी तान्न राखिएको विद्युतीय मोटर खोलाले बगाउन थालेपछि बुधबार साँझ मोटर निकाल्न खोलातर्फ जाने क्रममा बाढीले एक्कासि बगाउँदा बस्नेत बेपत्ता हुनुभएको थियो।

खोजी गर्ने क्रममा घटनास्थलबाट करिब तीन किलोमिटर दक्षिणतर्फ खोलामा घोप्टो परेको अवस्थामा बस्नेतको शव फेला परेको प्रहरी नायब उपरीक्षक तिमिल्सिनाले बताउनुभयो।

# धनुषा जिल्ला अदालतद्वारा पाँच हजार २१६ मुद्दा फछर्योट

जनकपुरधाम, २१ साउन, रासस।
धनुषा जिल्ला अदालत जनकपुरधामले गत आर्थिक वर्ष २०८२/८३ मा पाँच हजार २१६ मुद्दा फछर्योट गरेको छ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार उक्त आवमा पाँच हजार ८४४ नयाँ मुद्दा दर्ता भएका थिए। अघिल्लो आवबाट चार हजार २३१ मुद्दा सरेर आएका थिए। यसरी कुल १० हजार ७५ मुद्दामध्ये पाँच हजार २१६ मुद्दा फछर्योट भएको सूचना अधिकारी महतोले बताउनुभयो। उहाँका अनुसार हाल पाँच हजार ५९ मुद्दा विचाराधीन अवस्थामा रहेका छन्।

अदालतले अघिल्लो आव २०८१/८२ मा पाँच हजार ७०१ मुद्दा फछर्योट गरेको थियो। त्यस वर्ष पाँच हजार ७५३ नयाँ मुद्दा दर्ता भएका थिए भने चार हजार १७९ मुद्दा अघिल्लो आवबाट सरेर आएका थिए। कूल नौ हजार ९३२ मुद्दामध्ये पाँच हजार ७०१ मुद्दा फछर्योट गरिएको अदालतले जनाएको छ।

धनुषा जिल्ला अदालतले स्वचालित पेसी प्रणाली लागू गरेपछि सेवाग्राहीले छिटो, छरितो र पारदर्शी न्याय सम्पादनको अनुभूति गर्न थालेको अदालतको दाबी छ। प्रणाली लागू भएपछि पेसी व्यवस्थापनमा सहजता आएको, मुद्दाको सुनुवाइ प्रक्रिया व्यवस्थित भएको तथा सेवाप्रवाहमा सुधार आएको सूचना अधिकारी महतोले बताउनुभयो। अदालत प्रशासनले आगामी दिनमा पनि न्याय सम्पादनलाई अझ प्रभावकारी, प्रविधिमैत्री र सेवाग्राहीमुखी बनाउँदै लैजाने जनाएको छ।

### *'न्यायको...*

गरिएको जग्गा फिर्ता गर्न साह परिवारले नमानेको र आफुलाई थाहै नदिई अर्केलाई विक्री समेत गरिसकेको भन्दै सहयोगका लागी सबैसँग याचना गरेका छन।

यसबारे जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत मोना भा संग जिज्ञासा राख्दा उनले तेतरीको समस्या प्रति आफूहरुले हर सम्भव सहयोग गर्ने बताउँदै पीडितलाई सम्पर्कमा आउन अनुरोध गरिन्।

यता साहले उक्त जग्गा ऋणको धितो वापत नभई सोझै तेतरी संग खरिद गरेको बताएका छन्। "२०६९ सालमा दाजुको उपचारका लागि जग्गा बेच्छु भन्दै आएकी थिईन, दरभाउमा कुरा मिलेपछि सहमतिले नै खरिद गरी रजिष्ट्रेसन पास गराएको छु" उनले भने।

उनले उक्त जग्गा २०७६ सालमा नै अरुलाई बिक्री गरेको स्पष्ट पारेका छन्।

यस अघि मिटरव्याजीको ऋणको फन्दामा परेर राजविराज-६ का ओम प्रकाश क्षेत्री, सिता क्षेत्री, छिन्नमस्ता गाउँपालिका ६ का संजिव मिश्रा लगायतले सर्वस्व गुमाईसकेका छन। अझ केही पिडीतहरु न्यायका लागि दिनहु जसो जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालय धाईरहेका छन।

### *तीन...*

कार्यालय, तिलाठीमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए। प्रहरीले फरार व्यक्तिहरुको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय राजविराज**
**सप्तरी**

मिति :-२०८३/०४/२०

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ९ मुनर लाल मंडरको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे सखडाको सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ जग्गा ७ नं. फाटवारीमा दुखि दास गोसाइको नाममा जि.स. पं. सखडा सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ समेत ज.बि.०-४-१६ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा मध्ये सुब लाल दासले दुखि मलाह गोसाईबाट र.नं.५८७ मिति २०३५/०३/०४ को लिखतबाट खरिद गरेकोमा सो मध्ये इदरिस मियाँले सुब लाल दासबाट घरसारको कागजबाट ऐ.ऐ. सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ मध्ये पश्चिम तर्फबाट ज.वि.०-१-५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ मध्ये पश्चिम तर्फबाट ज.वि.०-१-३ समेत ज.वि.०-२-८ जग्गा खरिद गरि लिएकोमा उक्त जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. लालापट्टी वार्ड नं.२ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने जदु नन्दन यादबको नाती सुब लाल यादबको छोरा राम अवतार यादब-१ र ऐ. गा.वि.स. सखडा वार्ड नं.२ हाल छिन्नमस्ता गा.पा. वडा नं. ३ बस्ने रहिम मियाँको नाती मनित मियाँको छोरा इदरिस मियाँ-१ समेत २ ले यस कार्यालयमा द.नं. १६०७२ मिति २०८२/१०/०८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०४/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९ | मुनर लाल मंडर | सखडा | २ख | १८९ | १-५-१० मध्ये दक्षिण पश्चिम तर्फबाट ०-४-१६ | राम अवतार यादब इदरिस मियाँ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, विरह महलमा पोखरी महाड र कैफियत महलमा १ नं. ना. गो.का.प.स. १६,१७ मिति २०२८/५/९ को आदेशानुसार पानीको भाग ऐलानी भएको पोखरीको महार जनिएको। |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*